'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'
☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

# थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०८०।०८१
चलानी नम्बर: ३२२१

मिति : २०८१/०२/२८

श्री सहकारी संस्थाहरु सबै,
थाहा नगरपालिका, मकवानपुर ।

विषय : सहभागिता सम्वन्धमा ।

प्रस्तुत विषयमा, राष्ट्रिय सहकारी महासंघ, लिमिटेडको मिति २०८१/०२/१८ च. नं. ४७२ को आवश्यक समन्वय गरिदिने सम्वन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रवाट अवगत गरी सोही अनुसार गर्नुहुन अनुरोध छ ।

२०८१/०२/२८

नविन खालिङ
नि. प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

च.नं. ४६२/०८०/०८१

श्री आस्मिता म्याडम।

मितिः २०८१/०२/१८

श्री अध्यक्षज्यू,
सम्पूर्ण गाउँपालीका

**बिषयः प्रथम सहकारी रोजगार मेलामा सहभागिता सम्वन्धमा।**

संविधानत तिन खम्वे आर्थिक नीति अनुरुप सार्वजनिक र नीजी क्षेत्रसंगै सहकारी क्षेत्रले स्थानीय स्रोत साधन, पूँजी, प्रविधि र प्रतिभालाई एकत्रित गरी सदस्यहरु विच सामाजिक पूँजी निर्माण, उद्यमशिलता विकास, स्वरोजगारी श्रृजना तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासका माध्यमवाट गरिवी न्यूनीकरणमा उल्लेख्य भूमिका निर्वाह गर्दै आएको व्यहोरा विदितै छ। यद्यपी, केही संघ संस्थाहरु सदस्य केन्द्रित र सुशासनमा सञ्चालन नहुनाले सहकारी अभियानको छवि गिर्दो अवस्थामा छ। यस सन्दर्भमा सहकारी संघ संस्थाहरुले गरेका उदाहरणीय कार्यहरु र स्वरोजगार श्रृजनामा पुर्‍याएको योगदानका साथै सक्षम युवा मानव श्रोतलाई सहकारी क्षेत्रमा आर्कषित गर्ने, सहकारीको विशिष्ट सम्भावनाहरु बारे युवाहरुलाई सचेत गराउदै सहकारीका उत्पादन तथा सेवा व्यावसाय र उद्यमशिलता विकासका क्रियाकलापहरु उजागर गर्ने मुख्य उद्देस्यले यस महासंघद्वारा सहकारी विभाग, राष्ट्रिय सहकारी बैंक एवं सहकारी संघहरु समेतको सहकार्यमा **"मर्यादित सहकारी व्यवसायका लागि युवा संलग्नता"** भन्ने थीमका साथ यहि २०८१ असार ७ देखि ९ गतेसम्म हरिहरभवन, पुल्चोक ललितपुरमा **प्रथम सहकारी रोजगार मेला** आयोजना गर्न लागेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं।

यसर्थ, उक्त मेलामा सहकारीका उत्पादन तथा सेवाका अतिरिक्त मानव श्रोत अवस्था, भावी दिनमा आवश्यक पर्ने जनशक्तिको विवरण, भर्ना, पदस्थापन र वृत्ति विकासका योजनाहरु र सफलताका कथा समेटीएका वृत्तचित्र र सूचना सामग्रीहरू प्रस्तुती तथा प्रदर्शनी गर्नका लागि तहाँ पालीका अन्तरगत रहेका सहकारी संस्थाहरुको अधिकाधिक सहभागिता गर्न गराउन आवश्यक पत्राचार वा सूचना जारी गरिदिनु हुन हार्दिक अनुरोध छ।

मेलाले सहकारीका असल अभ्यासहरु जनमानसमा सञ्चार भई सहकारी छवी सुधारमा उल्लेखनिय योगदान पुर्‍याउने कुरामा विश्वास दिलाउँदै यस महत्वपूर्ण मेलामा यहाँको समन्वय, सहयोग र सहभागिताका हार्दिक अनुरोध गर्दछौं।

सदा झैं सहयोग र सहकार्यको अपेक्षा सहित सहकारी अभिवादन!

थाहा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर
दर्ता नं. २६६३
मितिः ०८१/२/२६

ओमदेवी मल्ल
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089